निर्णय नं. २

यस नगरपालिका वडा नं. ४ का वडा अध्यक्ष श्री श्यामकुमार अधिकारी यही २०८० साल बैशाख १ गतेका दिन मोटरसाईकल दुर्घटनामा परी गम्भीर घाईते भई अन्नपुर्ण न्युरो अस्पताल, माईतीघर काठमाडौमा उपचार भैरहेकोमा उहाँको शीघ्र स्वास्थ्यलाभको कामना गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

आ.ब.२०८०/०८१ को बजेट तर्जुमा सम्वन्धमा आजको बैठकमा छलफल हुँदा बिषयगत शाखा र वडा कार्यालयहरुलाई बजेट सीमा (मार्गदर्शन) उपलब्ध गराई तोकिएको समय सीमाभित्र बजेट निर्माण कार्य सम्पन्न गर्ने निर्णय गरियो।

निर्णय नं. ४

नगरपालिकाबाट निर्माण सम्पन्न भएको वडा नं. १० कीर्तिपुरगेट नजिकको पर्यटन सूचना केन्द्र सुचारु गर्नका लागि एक जना कर्मचारी आवश्यक भएकोले पर्यटन वा सँस्कृति बिषयमा कम्तिमा स्नातक उत्तीर्ण भएको अधिकृत छैठौं तहको लागि तोकिएको आधारभूत तलब स्केल बराबरको पारिश्रमिक उपलब्ध गराउने गरी २०८० साल असार मसान्त सम्मका लागि एक जना कर्मचारी मासिक ज्यालादारीमा व्यबस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

नगरपालिकाबाट हालसम्म भए गरेका कार्यहरुको बिषयमा आम नागरिकलाई जानकारी गराई पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न यही २०८० साल बैशाख महिनाभित्र नगरपालिकाको सभाहलमा सार्बजनिक सुनुवाई कार्यक्रम आयोजना गर्ने निर्णय गरियो।

निर्णय नं. ६

नगरपालिकाबाट बैठकमा पेश भएको मेयर खेलकुद बिकास कार्यक्रम र जिल्ला स्तरीय उपमेयर कप भलिबल प्रतियोगिता संचालन गर्दा अपनाउनु पर्ने खर्चको मापदण्डका बिषयमा कीर्तिपुर नगरपालिकाको कार्य सञ्चालन निर्देशिका, २०७९ मा उल्लेख भएका खर्च शीर्षकको हकमा सोही बमोजिम र उल्लेख नभएका खर्च शीर्षकको हकमा नगर प्रमुख स्तरीय निर्णय बमोजिम हुने गरी खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

गत आर्थिक वर्षमा नगरपालिका र झोंगाछेँ निर्माण उपभोक्ता समिति वीच लागत साझेदारीमा नेवाः परम्परागत भवन निर्माण कार्य गर्न भएको सम्झौता बमोजिम भवन निर्माण सम्पन्न भई रकम भुक्तानीका लागि माग भएको सम्बन्धमा प्राबिधिक मूल्याङकन र अनुगमन समितिको सिफारिस समेतका आधारमा रकम भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।